# जलकुम्भीले छोपियो फेवाताल



तस्बिर : सन्तोष सुवेदी

**फेवातालमा देखिएको जलकुम्भी झार ।**

**सन्तोष सुवेदी**
*कास्की, असार १४ गते*

बर्खा लागेसँगै फेवातालमा जलकुम्भी झारले ताललाई ढाकेको छ। वर्षाको भेलले माथिल्लो क्षेत्रमा रहेको जलकुम्भी बगाएर ल्याएपछि हल्लनचोकदेखि वाराहीघाटसम्मको क्षेत्र बढी कुरूप छ।

जलकुम्भीले फेवाताल ढपक्कै छोपेपछि डुङ्गा सयर गर्न आएका पर्यटक नाक खुम्च्याउँदै फर्कन बाध्य छन्। २०७४ माघमा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको ५० लाख रुपियाँ र पोखरा महानगरपालिकाको ७५ लाख गरी एक करोड २५ लाख रुपियाँमा जलकुम्भी निकाल्ने मेसिन ल्याइएको थियो।

पोखरा आउने पर्यटकको पहिलो रोजाइमा पर्ने फेवाताल जलकुम्भीले कुरूप बन्दा पोखरा महानगरपालिकाले करोड रुपियाँभन्दा बढी खर्च गरेर ल्याएको जलकुम्भी झार निकाल्ने मेसिन भने प्रयोगविहीन बनेको छ। वातावरण संरक्षणका लागि महाअभियान कास्कीका संयोजक रामबहादुर पौडेलले समयमै पोखरा महानगरले सरसफाइ गरेको भए फेवाताल कुरूप नहुने बताउनुभयो। उहाँले भन्नुभयो, "हामी नागरिकले ताल सफाइमा सहजीकरण र खबरदारी गर्ने हो तर काम ताल प्राधिकरण, पोखरा महानगर, पर्यटन व्यवसायीले गर्ने हो।" जलारी समुदायलाई दैनिक ज्यालादारीमा काम लगाउन सकेको भए फेवातालमा जलकुम्भी झार देख्न नपाइने उहाँको भनाइ छ।

पश्चिमाञ्चल होटल सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले जलकुम्भी झारले हरेक वर्ष बर्खामा ताललाई कुरूप बनाउँदै आएको बताउनुभयो। उहाँले सङ्घकै सक्रियतामा पटक पटक जलकुम्भी झार फाल्दै आए पनि दीर्घकालीन रूपमा न्यूनीकरण हुन नसकेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "बर्खाको बेला हर्पन खोलाले झार बगाएर ल्याउने गर्छ। केही समय पहिला सफा ताल अहिले झारले अव्यवस्थित बनाएको छ। यसलाई हटाउन पर्यटन व्यवसायीबाट पनि प्रयास भइरहेको छ।"

डुङ्गा व्यवसायी समितिका अध्यक्ष बलराम गिरीले जलकुम्भी झारले डुङ्गा सञ्चालनमा गाह्रो बनाएको बताउनुभयो। उहाँले भन्नुभयो, "जलकुम्भी झारले त बर्बाद बनाएको छ। झार फाल्दै डुङ्गा चलाउनुपर्ने अवस्था आएको छ। वाराहीघाटदेखि खहरेसम्म झारले समस्या ल्याएको छ।"

पोखरा महानगरपालिकाका प्रवक्ता मोतीलाल तिम्सिनाले फेवाताल सरसफाइ गर्ने अभियान क्रमिक रूपमा भइरहेको बताउनुभयो। उहाँले बर्खाको बेला दैनिक रूपमा भेल बाढी आउने हुँदा समस्या भइरहेको सुनाउनुभयो। उहाँले भन्नुभयो, "आज सफाइ गर्‍यो, साँझ पानी परेपछि बाढीले झार बगाएर ल्याउँछ।" जलकुम्भी झार फाल्न ल्याइएको मेसिन चलायमान नभएको उहाँको भनाइ छ। उहाँका अनुसार मेसिनको सामान बिग्रिएर थन्किएर बसेको छ।

# स्वदेश फर्केर सिप सिक्दै महिला

**वालिङ समाचारदाता**
*वालिङ, असार १४ गते*

वालिङ–१, भुम्रेकी पवित्रा रावत क्षत्री निकै उत्साहित हुनुहुन्छ। बिहान सबेरै दुई छोराछोरीलाई विद्यालय पठाएर उहाँ कपाल काट्ने सिप सिक्न तालिम केन्द्र पुग्नुहुन्छ। उहाँ वैदेशिक रोजगारीका लागि सात वर्ष दुबईमा रहनुभयो। विदेश गएपछि मात्र उहाँलाई थाहा भयो सिपको महत्त्व कति रहेछ भनेर। उत्साह र जाँगरका साथ कपाल काट्ने तालिम लिइरहेकी क्षेत्री भन्नुहुन्छ, "सिप सिकेर विदेश जानुपर्छ भन्ने थाहा भएको भए मैँले कति सजिलो काम र राम्रो पैसा कमाउन सक्थेँ।" महिलाले कपाल काट्न जान्ने हो भने विदेशमा पनि सहजै ब्युटिपार्लरमा काम पाउने गरेको अनुभव क्षत्रीलाई छ। विदेशको दुःख सम्झेर उहाँ अहिले मन दिएर कपाल काट्ने तालिम लिइरहनुभएको छ। क्षत्रीका श्रीमान् पनि वैदेशिक रोजगारीमा नै हुनुहुन्छ। सिप सिकेर अझै एक पटक रोजगारीका लागि विदेश जाने योजना क्षत्रीको छ।

क्षत्री मात्रै होइन वालिङ नगरपालिका वडा नं. १ कि मदिना बेगम पनि विदेशबाट फर्केर कपाल काट्ने सिप सिक्दै हुनुहुन्छ। बेगम झन्डै सात वर्ष अस्ट्रेलियामा बसेर स्वदेश फर्कनुभएको हो। उहाँ थप्नुहुन्छ, "सिपको महत्त्व खाडी मुलुकमा मात्रै होइन राम्रो भनिएका देशमा पनि उत्तिकै छ।" अस्ट्रेलियामा पढिरहेको विषय पनि मिल्ने र सिप पनि सिकिने भएर आफू तालिम लिन आएको बताउनुभयो। उहाँले भन्नुभयो, "सिप जानेर अस्ट्रेलिया पुगेका विद्यार्थीले पनि मेरैअगाडि राम्रो आम्दानी गरेका थिए।" त्यसैले उहाँ स्वदेश फर्किएर सिप सिक्न लाग्नुभएको हो। आँधी खोला बहुप्राविधिक शिक्षालयको आयोजना तथा वालिङ नगरपालिका उद्यमशीलता, व्यवसाय प्रवर्धन केन्द्र (इविक) को सहजीकरणमा भइरहेको कपाल काट्ने तालिमका अधिकांश सहभागी विदेशबाट फर्किएका छन्।

# साहसिक पर्यटनले फेरिँदै कुस्मा

**गणेश पौडेल**
*पर्वत, असार १४ गते*

पछिल्लो समय पर्वतको सदरमुकाम कुस्मा बजार साहसिक पर्यटनको गन्तव्य बनेसँगै आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्न थालेको छ। पर्यटकको आवागमन बढेपछि होटल व्यवसायमा लगानीसमेत बढ्न थालेको छ।

कुस्मा बजारको परिचयका रूपमा रहेको बन्जी जम्प, जिप लाइन, स्विङलगायतका साहसिक खेल खेल्न तथा हेर्न आउने पर्यटक बढेका छन्। पर्यटक बढेसँगै यो ठाउँ होटलमा लगानी गर्ने व्यवसायीको समेत आकर्षणको केन्द्र बन्न थालेको छ।

कुस्मामा अहिले ठुलो लगानीका होटलहरू सञ्चालनमा आउन थालेका छन्। आन्तरिक तथा बाह्य पर्यटकलाई कुस्मामै बस्ने वातावरण बनाउनुपर्ने माग बमोजिमका होटल सञ्चालन गर्नुपर्ने व्यवसायी सुवास पौडेल बताउनुहुन्छ। उहाँले करिब पाँच करोडभन्दा बढी लगानीमा कुश्माको शिवालय चोकमा 'स्वर्ग होटल' सञ्चालनमा ल्याउनुभएको छ। उहाँले भन्नुभयो, "कुस्मामा होटल अभावमा पोखरा, बागलुङ पुग्ने आन्तरिक तथा बाह्य पर्यटकलाई लक्ष्य गरी नयाँपन दिएर होटल सञ्चालन गरेको हुँ। अझै लगानी बढाउने र सुविधासम्पन्न होटल बनाउने तयारीमा छु।"

पर्वतमा विगत तीन दशकदेखि होटल व्यवसाय सञ्चालन गर्दै आएका कृष्णप्रसाद श्रेष्ठ पनि करिब १० करोड रुपियाँ लगानीमा 'होटल वन्दना' सञ्चालन गरेको र त्यसले पर्वतमा आउने पर्यटकलाई सेवासुविधा पुगेको बताउनुहुन्छ। यसका साथै कुस्मा बजारमै करिब १० करोड लगानीमा 'होटल बेन्जु' पनि केही वर्षदेखि सञ्चालनमा छ भने 'होटल माउन्ट भ्यु', 'होटल ओरियन्ट' लगायतले पोखराका तारे होटल बराबरको सेवा दिने दाबी गरेका छन्।

पर्वत हुँदै मुस्ताङ जाने पर्यटकको आकर्षक गन्तव्य पनि कुस्मा बजार हो। पोखरादेखि दुई घण्टाको दुरीमा रहेको कुस्मामा आउने पर्यटकलाई आकर्षक सेवा दिन सके पोखरा पुग्नैपर्ने बाध्यता अन्त्य हुने र व्यवसाय पनि राम्रो हुने 'बेन्जु होटल' का सञ्चालक विषमकुमार श्रेष्ठको दाबी छ। उहाँले भन्नुभयो, "हामीले पोखरा बराबरको सेवा पर्वतमै दिन सक्यौँ भने पोखराबाट पर्यटक यहीं बस्न आउँछन्। अब कुस्मा नजिकका पर्यटकीय गन्तव्यलाई पनि सहज बनाउन सकेमा पर्यटकको बसाईं लम्ब्याउन सकिन्छ।"

अहिले कुस्मा बजारमा बन्जिसँगै गरेको दी क्लिप रिसोर्टसहित साना ठुला गरी करिब एक दर्जन होटल सञ्चालनमा छन्। आर्थिक हिसाबले पर्वत 'राइजिङ सेन्टर' को रूपमा विकसित हुँदै गएको भए पनि विश्वव्यापी मन्दिको मारमा व्यवसायी परेकाले सोचे अनुरूपको लगानी गर्ने वातावरण नबनेको पर्वत उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष ठाकुर बी पौडेलले बताउनुभयो। उहाँका अनुसार कुस्मामा अझै लगानीको सम्भावना रहेकाले सरकारले समेत सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

# अन्नपूर्णको सीमा विवाद समाधान



**ठाकुरप्रसाद आचार्य**
*म्याग्दी (बेनी), असार १४ गते*

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका दुई वडाबिच वर्षौंदेखिको सीमा विवाद समाधान भएको छ। अन्नपूर्ण गाउँपालिका–१, दोबा र २ को भुरुङ तातोपानीका बिच दुवै वडाको सीमा क्षेत्रमा पर्ने बस्ती, खेतीयोग्य जमिन, वन र चरन क्षेत्रको उपभोगका विषयमा वर्षौंदेखि विवाद रहँदै आएको थियो। आइतबार गाउँपालिकाको कार्यालयमा बसेको जनप्रतिनिधिसहितको बैठकले विवाद समाधान गरेको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो।

अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन, उपाध्यक्ष दिवाकुमारी तिलिजा पुन, प्रमुख प्रशासकीय अधिकृत सुवेदी बैठकमा सहभागी हुनुहुन्थ्यो। दोबाका वडाध्यक्ष दिलीप गर्बुजा, भुरुङका वडाध्यक्ष ओम फगामी, जिसस सदस्य देव गर्बुजा र दुवै वडाका जनप्रतिनिधिको संयुक्त बैठकले वर्षौंदेखिको सीमा विवाद सहमतिमा टुङ्गो लगाएको हो।

२०४६/४७ सालमा तत्कालीन समयमा गाविस विभाजन हुँदा दोबाका बासिन्दा बसोवास गर्दै आएको सुनारी बस्ती, जग्गा र लेकको चरन तथा वन क्षेत्र विवादित बनेको थियो। प्राविधिक त्रुटिका कारण भुरुङ तातोपानीको नक्सामा समावेश भएको विषयलाई लिएर दुवै गाउँका स्थानीयबिच विवाद हुँदै आएको थियो।

सीमा विवादलाई लिएर असार ८ गते शुक्रबार दोबाका स्थानीयले अन्नपूर्ण गाउँपालिकाको कार्यालयमा नाराबाजीसहित प्रदर्शन गरेका थिए। नक्सामा जस्तोसुकै भए पनि भोगचलन गर्दै आएको सीमा अनुसार नयाँ नक्सा तयार पार्ने प्रक्रिया अघि बढाइने भएको छ। सीमा क्षेत्रको जङ्गल दुवै गाउँका उपभोक्ताले आफूलाई जहाँ पायक पर्छ त्यहीँ उपभोग गर्ने गरी यसअघि २०७४ कात्तिक १९ गते गरेको सहमति कार्यान्वयन गर्ने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत सुवेदीले बताउनुभयो।

नक्साको त्रुटि सच्याएर नयाँ बनाउन विशेष गाउँ सभाबाट निर्णय गरेर सङ्घीय सरकारसँग प्रक्रिया अघि बढाउने र दुई वडाको विकास योजनाका लागि बजेट विनियोजनमा भूगोलको आधार नभएर हालकै अनुपातलाई आधार मान्ने सहमति पनि भएको भुरुङका वडाध्यक्ष फगामीले बताउनुभयो।

# भुरुङ तातोपानी खोलामा बेलिब्रिज

**म्याग्दी समाचारदाता**
*म्याग्दी (दरबाङ), असार १४ गते*

मुस्ताङ जिल्लालाई राष्ट्रिय राजमार्गसँग जोड्ने कालीगण्डकी कोरिडोर (बेनी–जोमसोम–कोरोला) सडक आयोजना अन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका–२, भुरुङ तातोपानी स्थित भुरुङ खोलामा बेलिब्रिज निर्माण गरिएको छ। जेठ ६ गते खोलामा आएको बाढीले तीन मिटर लामो कल्भर्ट पुल बगाएपछि आकस्मिक रूपमा ३० मिटर लामो बेलिब्रिज निर्माण गरिएको हो । बेनी–जोमसोम–कोरला सडक योजनाका योजना प्रमुख जगत् प्रजापतिले खोलामा आएको बाढीले कल्भर्ट पुल बगाएपछि बेलिब्रिज निर्माण गरिएको बताउनुभयो।


**पशुपति क्षेत्र विकास कोष**
**श्रीपशुपतिनाथ अमालकोट कचहरीको हकदाबी सम्बन्धी ३५ दिने सूचना**

श्रीपशुपतिनाथ अमाल कोट कचहरी कार्यालयका लगतमा दर्तावाला मोही अम्बिका देवी राजपूतका नाउँमा मोही दर्ता रहेको का.जि. का.म.न.पा. वडा नं. ९ सिट नं. ११०७–११ कि.नं. १४७ को क्षेत्रफल १–३–१–१ घरजग्गा कायम भएकोमा दर्तावाला मोही अम्बिका देवी राजपूतको मिति २०५४।०४।११ मा, निजको पति अनिरुद्र प्रसाद सिंहको मिति २०७७।५।३० मा, छोरा राधा कृष्ण सिंहको २०५५।०३।०९ मा र बुहारी विभा सिंहको मिति २०६८।०२।०९ मा मृत्यु भएको मृत्यु दर्ता प्रमाणपत्र तथा का.म.न.पा. ९ नं. वडा कार्यालयको प.सं. ०७७/०७८ च.नं. ९ मिति २०७७।०६।२० को नाता प्रमाणितबाट मृतकका हकदार नाति दिवाकर सिंह–१, प्रकाश सिंह–१ र छोरी सिमा सिंह–१ रहेको, का.म.न.पा. ९ नं. वडा कार्यालयको च.नं. २२१३ मिति २०७९।११।२३ को पत्रबाट हकदार दिवाकर सिंह–१, प्रकाश सिंह–१ र सिमा सिंह–१ नाउँमा नामसारीका लागि सिफारिस भई आएको, का.म.पा. ९ वडा कार्यालयका च.नं. २४५८ मिति २०७९।१२।२१ को सिफारिसमा अम्बिका देवी राजपूत र अम्बिका देवी सिंह एकै व्यक्ति भएको उल्लेख भई आएको र नाता प्रमाणितमा उल्लेखित हकदार सिमा सिंहले हकदार दिवाकर सिंह–१, प्रकाश सिंह–१ का नाउँमा नामसारी गर्न मिति २०७९।१२।०६ मा यस कार्यालयमा उपस्थित भई मन्जुरी गरेको उक्त कित्ता घरजग्गा मृतकका नाउँबाट हाम्रा नाउँमा ना.सा. गरी पाउँ भनी मिति २०७९।१२।६ मा दिवाकर सिंह–१, प्रकाश सिंह–१ र सिमा सिंह–१ को यस कार्यालयमा निवेदन पर्न आएकाले उक्त कित्ता घरजग्गामा निवेदक दिवाकर सिंह–१, प्रकाश सिंह–१ र सिमा सिंह–१ बाहेक अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएका मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको सबुत प्रमाण संलग्न गरी यस कार्यालयमा दाबी उजुरी गर्न आउनुहोला अन्यथा कानुन बमोजिम भइजाने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**मसलन्द, छपाइ सामान तथा सेवाहरूको सूची दर्ता गर्ने बारेको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८०।०३।१५)

समितिलाई आ.व. २०८०।०८१ मा आवश्यक पर्ने तपसिलका सामग्री तथा सेवाहरूको दरभाउपत्रद्वारा पटक–पटक खरिद गर्नुपर्ने भएकोले इच्छुक रजिस्टर्ड फर्म, कम्पनी वा सप्लायर्सहरूको सूची दर्ता गराई राख्नुपर्ने भएकोले इच्छुक रजिस्टर्ड फर्म वा सेवाप्रदायक तथा सप्लायर्सहरूले रजिस्ट्रेसन नवीकरण गरेको फर्म वा VAT दर्ता, आयकर दर्ता र इजाजत प्रमाणपत्रको फेटोकपी राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र समितिको केन्द्रीय कार्यालय दक्षमार्ग, ताहाचल, काठमाडौँमा सूची दर्ता गराउनुहुन आह्वान गरिन्छ।

१. मसलन्द (Stationery) सामग्रीहरू सप्लाई गर्ने सम्बन्धी सेवा।
२. छपाइ गरी छपाइ सामग्री सप्लाई गर्ने सम्बन्धी सेवा।
३. मोटर गाडी मर्मत सम्बन्धी सेवा।
४. कार्यालय विद्युतीय उपकरणहरू कम्प्युटर, प्रिन्टर, टेलिफोन, फ्याक्स आपूर्ति तथा मर्मत सम्भार सम्बन्धी सेवाहरू।
५. फर्निचर तथा फर्निसिङ सम्बन्धी सेवाहरू।
६. विद्युतीय सामग्रीहरूको आपूर्ति तथा मर्मत सम्भार सम्बन्धी सेवाहरू।
७. विज्ञापन एजेन्सी सम्बन्धी कार्यहरू।
८. कार्यालय प्रयोजनका लागि पिउने पानी सप्लाई।
९. भवन निर्माण, मर्मत सम्बन्धी सेवा।
१०. Kitchen Equipment तथा भान्छाका लागि आवश्यक खाद्य तथा पेय सामग्रीहरू सप्लाई गर्ने सेवा।
११. आन्तरिक तथा बाह्य कुरियर सेवा।
१२. कार्यालय सरसफाइ सम्बन्धी सामग्री तथा सेवाहरू।

**तारा गाउँ विकास समिति**
मध्य बानेश्वर, सहभागिता मार्ग, काठमाडौँ
फोन नं. ०१–५१७२०२३, ०१–५१७२०८७

धूमपान स्वास्थ्यका लागि हानिकारक छ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
गुलरिया, बर्दिया

**मुआब्जा रकम निर्धारण सम्बन्धि सूचना**

(सूचना प्रकाशित मिति २०८०/०३/१५)

बबई सिंचाइ आयोजना बैदी, बर्दियाको पश्चिमी मूलनहर प्रणाली गुलरिया खण्ड तथा सो आसपासका सोनापुर शाखा नहर, नारायण टोल शाखा नहर, सुहेलवा शाखा नहर र हसनपुर शाखा नहर निर्माण तथा विस्तार गर्न आवश्यक पर्ने जग्गा प्राप्ति (अधिग्रहण) का लागि मिति २०८०/०१/०५ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन भएका कित्ता नम्बरहरुका जग्गाको मुआब्जाको रकम निर्धारण गर्न मिति २०८०/०३/१३ गते बसेको मुआब्जा निर्धारण समितिको बैठकबाट निर्धारण भई सो को सूचना सम्बन्धित वडा कार्यालय एवं अन्य निकायहरुमा पठाईएको र बबई सिंचाइ आयोजना बैदी, बर्दियाको *website:babaiip.gov.np* मा समेत राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी

**Kathmandu Metropolitan City**
**Office of the Municipal Executive**
Kathmandu Plaza, 2nd Floor, Sundhara
Kathmandu, Bagmati Province, Nepal

**Invitation for Electronic Bids**

**Notice No. - 05-079-80**
**Date of Publication : 2080-03-15**

1. Kathmandu Metropolitan City, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.
2. Kathmandu Metropolitan City, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following works.

| IFB No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meeting | Estimate Amount (NRs.) (Without VAT and Contingencies) |
|---|---|---|---|---|---|---|---|
| 05-05-079-80-NCBG-HEALTH-KMC-079-80-NCBG-KMC | Supply and Delivery of Physiotherapy Equipment for Urban Health Promotion Centre at KMC | 5,000.00 | 2,70,000.00 (Two Lakh Seventy Thousand Only) | 2080-04-14 12:00 hour 2023-07-30 | 2080-04-14 14:00 hour 2023-07-30 | 2080-04-04 14:00 hour 2023-07-20 | -------- |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Health Department, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Kathmandu Plaza, 2nd Floor Kamaladi, Kathmandu, Bagmati Province, Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. **Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the NIC Asia Bank Ltd., Kathmandu Metropolitan City, Procurement Unit, Account No. - 0012050061475043.**
5. Pre-bid meeting shall be held at Health Department Kathmandu Metropolitan City, Office of the Municipal Executive, Kathmandu Plaza, 2nd Floor Kamaladi, Kathmandu, Bagmati Province, Nepal **on above mentioned date and time**.
6. Electronic bids must be submitted to the office Procurement Unit, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Kathmandu Plaza, 2nd Floor Kamaladi, Kathmandu, Bagmati Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before above mentioned date and time. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the office of Procurement Unit, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Kathmandu Plaza, 2nd Floor Kamaladi, Kathmandu, Bagmati Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening (45 days for Sealed Quotation) and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
8. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in **Kathmandu Metropolitan City, Deposit account, NIC Asia Bank Ltd., Account No. 0012050061493005.**
9. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.

**Health Department**

**नेपाल विद्युत प्राधिकरण**
वितरण तथा ग्राहक सेवा निर्देशनालय
गण्डकी प्रादेशिक कार्यालय

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(सूचना प्रकाशित मिति : २०८०।०३।१५)

**पोखरा वितरण केन्द्र (फोन नं. ०६१–५७०४७२, इमेल : pokhara@nea.org.np)**

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

| क्र.सं. | सिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | कैफियत |
|---|---|---|---|
| 1 | NEA-PDC-2079/080-20 SQ (RE) | Supply & Delivery of Different Materials Required For Distribution Transformer Maintenance | पुनः प्रकाशित |
| 2 | NEA-PDC-2079/080-22 SQ | Construction and Reinforcement of LT line at different places of pokhara DC for street light installation. | |

For details please visit **www.bolpatra.gov.np/egp** & For further information please contact respective offices.

**बोलपत्र आव्हानको सूचना**
**श्री स्वदेश उपशाखा, सैनिक सामग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जंगी अड्डा**

**नेपाली सेनाको लागि आवश्यक विभिन्न सामग्रीहरु खरिदको बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८०/०३/१५ गते)

१. नेपाली सेनाको लागि आ.ब. ०७९/८० मा आवश्यक पर्ने निम्न अनुसारको सामानहरु e-GP System बाट खरिद गरिने हुंदा ईच्छुक योग्य बोलपत्रदाताहरुको लागि यसै सूचनाद्धारा यो बोलपत्र आव्हान गरिएको छ।

| ठेक्का नं. | सामानको विवरण | परिमाण | बैंक जमानि पेश गर्नुपर्ने ने.रु. | बोलपत्र दस्तुर ने.रु. | प्रि-बिड मिटिङ्ग मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| ४३८ | **Radio Frequency Identification (RFID) System** | Set-1 | १,५५,०००।- | ३०००।- | २०८०।०३।१८ गतेको १४०० बज | २०८०।०३।२२ गतेको १२०० बजे | २०८०।०३।२२ गतेको १३०० बजे |

२. बोलपत्रदाताहरुले www.bolpatra.gov.np/egp सिष्टम मार्फत बिड गर्नु हुन र उक्त सिष्टममा अपलोड भएको बोलपत्र सम्बन्धी कागजादमा उल्लेख भए अनुसारको राजश्व/धरौटी खाताहरुमा रकम जम्मा गरी सो को भौचर पेश गर्नु हुन। साथै सो सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको फोन नं.: ०१-५९७९१२६ मा सम्पर्क गर्नु हुन समेत जानकारी गराईन्छ।